# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, कात्तिक २६ गते २०६४ साल (संख्या ३०

## भाग ५

### नेपाल सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २० ले दिएको अधिकार प्रयोग गरी बाढीबाट पीडित परिवारलाई वितरण गर्न महिला आधारशिला (Foundation for the Solidarity & Development of Women-The Women's Foundation) को लागि Shelter Box नामको बेलायतको संस्थाबाट सहयोग स्वरुप प्रदान गरिने UK £ ६२,०००.०० (बैसट्ठी हजार) मूल्य बराबरको दुई सय थान Shelter Box र दश वटा विद्यालय बक्सहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना २

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपालका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

टुहुरा अपाङ्ग तथा गरीब बालबालिकालाई वितरण गर्न नेपाल रेडक्रस सोसाईटी, काठमाडौंका लागि जापान रेडक्रस सोसाईटी, जापानबाट उपहार स्वरुप प्रदान गरिने जापानी येन ६३,९२,४६६.०० (त्रिसठ्ठी लाख, बयानब्बे हजार चारसय छैसठ्ठी, मूल्य बराबरको शैंक्षिक तथा खेलकुद सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २० ले दिएको अधिकार प्रयोग गरी धुलिखेल अस्पतालका लागि Dermaindia, India तथा Wolf Vision, Australia बाट उपहार स्वरुप प्रदान गरिने भा. रू. २,२४,७६८।- (दुई लाख चौबीस हजार सात सय अठसठ्ठी) तथा अमेरिकी डलर १,०००.०० (एक हजार) मूल्य बराबरको स्वास्थ्य सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २० ले दिएको अधिकार प्रयोग गरी पाटन अस्पताल, लगनखेल ललितपुरको लागि Axios and The GIPAP Organization, Switzerland बाट उपहार स्वरुप प्रदान गर्ने CHF २,८६,७२०.०० (दुई लाख छयासी हजार सात सय बीस) मूल्य बराबरको Imatinib (Glivec) औषधिहरू आयात गर्दा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूर्णरुपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २० ले दिएको अधिकार प्रयोग गरी



१२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Tilganga Eye Centre को लागि Himalayan Cataract Project, USA बाट उपहार स्वरुप प्रदान गरिने यूरो ४०,४००.०० (चालीस हजार चार सय) मूल्य बराबरको आँखा उपचारका लागि प्रयोग हुने सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पुरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २० ले दिएको अधिकार प्रयोग गरी आन्तरिक राजस्व विभागको लागि Embassy of Deamark, Kathmaudu बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ४१,०५९.५० (एकचालिस हजार उनन्साठी, सेन्ट पचास) मूल्यबराबरको सर्भर तथा कम्प्यूटर सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा स्थानीय बिकास शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २० ले दिएको अधिकार प्रयोग गरी The United Nations Mission in Nepal (UNMIN) को लागि भारत सरकारबाट अनुदान स्वरुप प्रदान गरिने भा. रू. १९,०१,०००।- (उन्नाईस लाख एक हजार) मूल्य बराबरको पाँच थान एम्बुलेन्स तथा भा.रू. ७,००,७०,०००।- (सात करोड सत्तरी हजार) मूल्य बराबरको दुई हजार थान पाल आयात गर्दा भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क लगायत सम्पूर्ण कर पूर्ण रुपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचन ८

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २० ले दिएको अधिकार प्रयोग गरी बाढीबाट पीडित



२०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिवारलाई वितरण गर्न सामुदायिक एकिकृत बिकास मञ्च उत्तरगंगा–८ सुर्खेतको लागि Shelter Box नामको बेलायतको संस्थाबाट सहयोग स्वरुप प्रदान गरिने यूरो ७१,०००.०० (एकहत्तर हजार) मूल्य बराबरको दुई सय वटा Shelter Box आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल, तथा मूल्य अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ९

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २० ले दिएको अधिकार प्रयोग गरी हिमालय आँखा अस्पताल, कास्कीको लागि Eye care Worldwide, Netherlands बाट उपहार स्वरुप प्रदान गरिने जापानी येन ६५,१९,०००.०० (पैंसट्ठी लाख उन्नाइस हजार) मूल्य बराबरको स्वास्थ्य उपकरणहरू आयात गर्दा एक प्रतिशत भन्सार महसूल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना १०

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २० ले दिएको अधिकार प्रयोग गरी जनचेतना अभिवृद्धि र विकास अध्ययन समिति नामको गैर सरकारी संस्थाद्वारा सञ्चालित आधारभूत कम्प्यूटर तथा सूचना प्रविधि शिक्षा परियोजनाको लागि नेपालका सार्वजनिक विद्यालयमा वितरण गर्न Computer Aid International, UK तथा World Computer Exchange, USA बाट उपहार स्वरुप प्रदान गरिने क्रमशः स्टर्लिङ पाउण्ड २१,४५०.०० (एक्काइस हजार चारसय पचास) तथा अमेरिकी डलर ३०,०७०.०० (तीस हजार सत्तरी) मूल्य बराबरको कूल आठसय पच्चिस थान Computer र सो संग सम्बन्धित उपकरणहरू आयात गर्दा एक प्रतिशत भन्सार महसूल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



८२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ११

नेपाल सरकारले मूल्य अभिबृद्धि कर ऐन, २०५२ को अनुसूची-१ अन्तर्गत समूह ११ को प्रकरण २६ ले दिएको अधिकार प्रयोग गरी पाटन अस्पताल, जाउलाखेल, ललितपुरको सुत्केरी वार्ड बनाउनको लागि ठेकेदार तथा कन्सल्टेण्टलाई भुक्तानी दिएको बिल बमोजिम तिरेको रू. २,६९,१०,०००।-(दुई करोड उनान्सतरी लाख दश हजार) मूल्य अभिबृद्धि कर फिर्ता दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.छु.द.नं. १६।०६२।०६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।